'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९४ | शनिवार १५ मंसिर, २०८१ | 30 (Saturday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## नौबस्ता बालसुधारगृहको घटनाबारे छानबिन गर्न समिति गठन

नमस्ते समचारदाता

बाँके, मंसिर/१४



बुधवार नौबस्ता स्थित बाल सुधारगृहबाट १२ जना बालबिजाइँकर्ता फरार भएको घट्नाको छानबिन गरी प्रतिवेदन पेस गर्न बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ । जिल्ला प्रशासन कार्यालय बाँकेमा बसेको जिल्ला सुरक्षा समितिको बैठकले सो छानबिन समिति गठन गरेर कोहलपुर इलाका प्रहरी कार्यालयका प्रमुख डिएसपी, सशस्त्र प्रहरीका डिएसपी, अनुसन्धान विभाग र कारागार प्रशासनका कर्मचारीलाई समितिको सदस्यमा राखिएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा बसेको बैठकले सो घटनाको जाँचबुझ गरी प्रतिवेदन पेस गर्न समितिलाई १५ दिनको समय सीमा समेत तोकेको छ । बाँकेमा रहेका दुई वटा बाल सुधारगृहबाट पटक पटक बालबिजाइँकर्ताहरु फरार हुने गरेकोले सो बारेमा विस्तृत अध्ययन गर्नुका साथै सुरक्षाको व्यवस्थाको पनि समीक्षा गरेर प्रतिवेदन पेस गर्न समितिलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी रिजालले बताए । बाँकेको डुडुवा गाउँपालिकामा रहेको जयन्दु बाल सुधारगृह र बैजनाथ गाउँ पालिकामा रहेको नौबस्ता बाल सुधारगृहमा रहेका बालबिजाइँकर्ताहरु बिच विभिन्न बहानामा पटक-पटक झडप, विवाद र कुटपिट हुँदै आएको छ । लागुऔषध छिराउने विषयमा यसअघि डुडुवाको बाल सुधारगृहमा बालबिजाइँकर्ताहरुमा पटक-पटक विवाद र झडप हुने गरेको थियो । सोही कारणले डुडुवामा रहेको बाल सुधारगृहमा विवाद गर्ने अधिकांशलाई त्यहाँबाट हटाएर नौबस्ता पठाइएको थियो । सोही क्रममा पछिल्लो पटक कात्तिक २६ गते नौबस्ता बाल सुधारगृहबाट तीन जना बालबिजाइँकर्ता हराएका थिए भने यही बुधवार साँझ खाना खाने बेलामा विवाद गरेर १२ जना बालबिजाइँकर्ता भागेका थिए । १२ जना मध्ये ९ जनालाई प्रहरीले पक्राउ गर्न सफल भए पनि ३ जना अझै फरार छन् । यसअघि कात्तिक २६ गते फरार भएका तीन जना बालबिजाइँकर्ता अझै फेला परेका छैनन् । फरार रहेका ३ जना बालबिजाइँकर्ताको खोजी कार्य तीव्र रूपमा भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुलबहादुर कार्कीले बताए ।

## सर्केगार्डका चार वटा मतदान केन्द्र अति संवेदनशील




नमस्ते समचारदाता

हुम्ला, मंसिर/१४

मंसिर १६ गते हुने सर्केगार्ड गाउँपालिकाको उपाध्यक्ष पदका लागि जम्मा मतदान केन्द्रमध्ये चार वटालाई अति संवेदनशील निर्धारण गरिएको छ । उपनिर्वाचनका लागि जिल्ला सुरक्षा समितिले यसअघिको निर्वाचनको परिस्थितिलाई ध्यानमा राखी मतदान केन्द्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन क्याटोगोरीमा वर्गीकरण गरेको हो । जिल्ला सुरक्षा समितिले मतदान केन्द्रलाई गरेको वर्गीकरणअनुसार चार वटा अति संवेदनशील रहेका छन् । जसमा देबल प्रावि तुम्च, कोट मावि रोडिकोट, भवानी आवि गोठी र हिमज्योति मावि सर्केगार्ड अति संवेदनशीलमा परेका छन् । त्यसैगरी कुलमध्ये चार वटा मतदान केन्द्र संवेदनशीलमा परेका छन् । यसमा सरस्वती मावि जैर, लालिगुराँस मावि लिप्ने, अंशुबर्मा आवि राहादेव र निलकण्ठ सामुदायीक प्रावि फुचा छन् । अब चार वटा मतदान केन्द्रलाई सुरक्षाका हिसावले सामान्यमा बर्गिकरण गरिएको छ । यसमा देवकोट आवि उनापानी, धुमचुली आवि कल्लास, स्वयम्भु आवि बराई र ईश्वर आवि छागी रहेका छन् । यही बर्गिकरणका हिसावले मतदान केन्द्रमा सुरक्षाकर्मी परिचालन गरिएको छ । सामान्य मा बाह्र जना, सम्वेदनशीलमा चौधदेखि १९ र अतिसम्वेदशीलमा सोह्र जना सुरक्षाकर्मी मतदान केन्द्रमा खटाईएको छ ।

## बाँकेमा "कृषक-प्राविधिक भेटघाट" कार्यक्रम

नमस्ते समचारदाता

बाँके, मंसिर/१४




कृषि ज्ञान केन्द्र बाँकेले जिल्लाका किसानहरुको समस्या बुझ्नका लागि किसान कै खेतबारीमा कृषि प्राविधिक सहितको टोली पठाएर 'कृषक-प्राविधिक भेटघाट' अभियान सञ्चालन गरेको छ । लुम्बिनी प्रदेश सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि ज्ञान केन्द्र कार्यालय मार्फत् कृषक-प्राविधिक भेटघाट कार्यक्रम अन्तर्गत बाँकेका किसानहरुसँग भेटघाट सुरु गरिएको कार्यालयले जनाएको छ । हालसम्म जिल्लाका डुडुवा गाउँपालिका-२, नरैनापुर गाउँपालिका-२ र ६ का कृषकका खेतबारीमै पुगेर उनीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको वरिष्ठ वागवानी विकास अधिकृत सन्तोष पाठकले जानकरी दिएका छन् । अधिकृत पाठकले भने, 'प्रदेश मै पहिलोपटक प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लाका किसानहरुको खेतबारी र घर-घर मै पुगेर उहाँहरुसँग भेटघाट, छलफल तथा अन्तरक्रिया गरी उहाँहरुका समस्याहरु बुझ्ने काम गरिरहेका छौं । अघिल्ला वर्षहरुमा पनि किसानसँग जाने गरिए पनि औपचारीक रुपले सरकारले घोषणा गरेको कार्यक्रम यो पहिलो हो, बाँकेमा तीन स्थानका किसानहरुसँग पुगेर उहाँहरुका समस्याका बारेमा जानकारी लिएका छौं ।' किसानहरुसँग छलफल गरेर उहाँहरुका गुनासा तथा समस्याहरु बुझेर कार्यालयले समाधान गर्न सक्ने समस्याहरु रहेछन् भने ती तत्काल समाधान गरिदिने र अन्य जटिल समस्याहरु रहेछन् भने ती समस्या समाधानका लागि कृषि अनुसन्धान केन्द्रमा सुझाव सहित पठाइने गरेको पाठकले बताए । 'स्थलगत रुपमा फिल्ड मै पुगेर किसानसँग भेटघाट तथा छलफल गर्ने, समस्याहरु पहिचान गर्ने र कार्यालयले समाधान गर्न सक्ने समस्या समाधान गरिदिने र जटिल खालका समस्याहरु देखिएमा सुझावसहित कृषि अनुसन्धान केन्द्रमा पठाउने गरेका छौं । दूरदराजमा रहेका किसानहरुसँग भेटघाट छलफल गरेर उहाँहरुका समस्या समाधानका लागि यो कार्यक्रम उपलब्धिमूलक हुने विश्वास लिएका छौं ।' किसानका घरखेत मै पुगेर किसानसँग दोहोरो संवाद र छलफल हुँदा किसान पनि प्रोत्साहित हुने र आवश्यक जानकारी प्राविधिकसँग लिन सक्ने तथा किसानका समस्या कार्यालयले प्रत्यक्षरुपमा देख्न र बुझ्न सक्ने हुँदा त्यहाँबाट प्राप्त हुने विषयहरुलाई आगामी योजना बनाएर कार्यान्वयन गर्न सजिलो हुने हुँदा यो कार्यक्रम प्रभावकारी हुने देखिएको पाठकको भनाइ छ । केहि दिन अगाडिबाट सुरु गरिएको अभियान अन्तर्गत हालसम्म डुडुवा नरैनापुरका किसान तथा केही कृषि समुहका किसानसँग छलफल गरिएको पाठकले जानकारी दिए । भेटघाटका क्रममा किसानहरुलाई आवश्यक सल्लाह सुझाव तथा प्राविधिक प्रकाशन (पर्चा, पम्प्लेट तथा ब्रोसर) वितरण गरिएको र किसानका समस्याहरुका बारेमा सुझावसहित कृषि अनुसन्धान केन्द्रमा पठाइने कार्यालयले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# एनपीएलको पर्खाइ

**विनोद पाण्डे**

तीन वर्षअघि करण केसीले अबुधावी टी-२० लिग खेल्ने मौका पाएका थिए। एक खेलमा उनको विपक्षमा थिए, क्रिस गेल। वेस्ट इन्डिजका यी ब्याटर आफ्नो उत्कृष्ट लयमा थिए। करिअरको ग्राफले उचाइ लिइरहेको समयमा करणको पनि भेट गेलसँग जुरेको थियो। उनै करणले आफ्नो पहिलो बलमै गेललाई बोल्ड गरिदिए। करणले यस्तो खेल देखाउने अवसर घरेलु मैदानमा खासै पाएनन्। यस पटक उनी काठमान्डु गोर्खाजको 'मार्की' खेलाडी बनेर नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा उत्रिँदै छन्। नेपाली क्रिकेटको ठूलो आशा बनेर आएको एनपीएलले करणसहित धेरै नेपाली खेलाडीलाई विश्वका उत्कृष्ट खेलाडीसँग खेल्ने अवसर जुराइदिएको छ। एनपीएलमा विश्वका ठूला स्टारहरू कीर्तिपुर मैदानमा उत्रनेछन् र विश्वको ध्यान नेपाली क्रिकेटले तान्नेछ। शिखर धवन, मार्टिन गप्टिल, जिमी निशम, स्कट कुगेलेइजन, रेयमन रेइफर, रवि बोपारा, स्टेफन इस्किनाजी र ड्यान डौथवेट लगायतका विश्व स्टार एनपीएलमा खेल्दै छन्। चार महिनाअघि मात्र सबैखाले क्रिकेटबाट संन्यासको घोषणा गरेका भारतीय ओपनिङ ब्याटर धवनले विश्वका अन्य लिग भने खेल्नेछन् र एनपीएलमा उनी कर्णाली याक्सको प्रतिनिधित्व गर्नेछन्। विश्वव्यापी फ्रेन्चाइज लिग खेल्दै आएका निशमले जनकपुर बोल्ट्स र गप्टिलले विराटनगर किंग्सबाट खेल्नेछन्। न्युजिल्यान्डका अर्का खेलाडी कुगेलेइजन सुदूरपश्चिम रोयल्स, इंग्ल्यान्डका भेट्रान रवि बोपारा चितवन राइनोज तथा इंग्लिस क्रिकेटमा जमेका इस्किनाजी र डौथवेट काठमान्डु गुर्खाजबाट एनपीएलमा उत्रनेछन्। आउँदो शनिबार सुरु हुने एनपीएलको रन्कोले नेपाली खेलकुद मात्र नभई बजार-व्यवसाय, कलाकारिता क्षेत्रदेखि अर्थतन्त्र नै तातेको छ। देश र सरकारले नेपाली खेलकुदमा खासै लगानी गरेको छैन, गरे पनि पर्याप्त गरेन अनि खेलको विकास र विस्तारमा चाहिँदो योगदान नै दिएन भनिरहेका बेला एनपीएल एउटा जवाफ हुन सक्छ। नेपाली खेलकुद विकास लागि एउटा मोडल हुन सक्छ। नेपाली खेलाडीलाई यसले खेलेरै कमाउन सकिन्छ भन्ने एउटा 'प्लेटफर्म' बनाइदिएको छ। करणले 'मार्की' खेलाडी भएबापत एक सिजनको २० लाख पाउनेछन्। अन्य ७ मार्की खेलाडीको पनि पारिश्रमिक यही रहेको छ। अक्सनबाट सबै फ्रेन्चाइज टोलीले अन्य १० खेलाडी लिएका थिए। उनीहरूको पारिश्रमिक २ लाखदेखि १५ लाखसम्म थियो। आयोजक नेपाल क्रिकेट संघ (क्यान) ले 'लोकल ट्यालेन्ट हन्ट' गर्न सबै फ्रेन्चाइजलाई अनिवार्य नियम लगाएको थियो। लोकल ट्यालेन्ट हन्ट अर्थात् घरेलु क्रिकेटमा देखिएका 'फ्रेस' खेलाडीले १ लाख पारिश्रमिक पाउनेछन्। 'मार्की' बाहेक एउटा फ्रेन्चाइज टोलीले कम्तीमा ६५ र बढीमा ९० लाख खर्च गर्न सक्ने प्रावधान थियो। लुम्बिनी लायन्सले सबैभन्दा बढी ८७ लाख ७५ हजार खर्च गरेको थियो भने चितवनले सबैभन्दा कम ६३ लाखमात्र खर्च गरेर पेनाल्टी तिर्नुपरेको थियो। फ्रेन्चाइज मोडलमा प्रायः खेलाडीको पारिश्रमिकका लागि अक्सन वा ड्राफ्टबाट एउटा निश्चित रकम खर्च गर्न तोकिएको हुन्छ र फ्रेन्चाइजले सोहीअनुरूपको पारिश्रमिक खेलाडीलाई उपलब्ध गराउँछन्। एनपीएलको पहिलो संस्करणमा संलग्न रहने रकमले एक अर्ब उछिन्ने निश्चित जस्तै छ। प्रतियोगितामा सहभागी आठ टोलीमा प्रत्येकले कम्तीमा पाँच करोड रुपैयाँ खर्च गर्नेछन्। यो रकम बढेर १० करोडसम्म पनि पुग्न सक्नेछ। फ्रेन्चाइज टिमले यो रकमको व्यवस्था कसरी गर्नेछ, यो हेर्न लायक हुनेछ। फ्रेन्चाइज टिमले पहिलो संस्करणमै नाफा खानेछन्, यो हुनेछैन। फ्रेन्चाइज क्रिकेटको एउटा उद्देश्य टिमको नाफा पनि हुने गर्छ। तर सबैले के बुझ्न आवश्यक छ भने लगातार प्रतियोगिता आयोजना हुँदै जाने हो भने लगानीले विस्तारै प्रतिफल दिनेछ। यसका लागि सबैखाले लेनदेन सफा र पारदर्शी हुनुपर्छ। इन्डियन प्रिमियर लिग (आईपीएल) को सिको गर्दै विश्व क्रिकेटमा धेरै फ्रेन्चाइज क्रिकेट भए। यसले विश्व क्रिकेटलाई सधैंका लागि अर्कै स्वरूपको बनाइदियो। नेपालमा पनि यो उत्तिकै लोकप्रिय छ। आईपीएलको पहिलो संस्करण सन् २००८ मा भएको थियो। त्यसको १६ वर्षपछि नेपालमा क्यानको आफ्नै नेपाल प्रिमियर लिग (एनपीएल) हुँदै छ। के यसले नेपाली क्रिकेटलाई सधैंका लागि परिवर्तन गर्नेछ त ? आईपीएलले विश्व क्रिकेटलाई नै फेरेको थियो, किनकि यसले फ्रेन्चाइज शैली पहिलो पटक ल्याएको थियो। यो के हो र कसरी चल्छ, त्यो बुझ्न बुझाउन आवश्यक छ। यसका आफ्नै कमजोरी पनि छन्। यस्तै कमजोरीका कारण आईपीएल पनि समय-समयमा विवादमा पर्ने गर्छ। अब हुन लागेको एनपीएलको सबैभन्दा ठूलो विशेषता हो- यसका मालिक नेपाली हुन्, तिनीहरू प्रतिष्ठित छन् र आ-आफ्नो क्षेत्रमा नाम कमाएका छन्। नेपालमा फ्रेन्चाइज क्रिकेट भएको यो नै पहिलो पटक होइन। व्यक्तिगत र निजी प्रयासमा धनगढी प्रिमियर लिग, पोखरा प्रिमियर लिग र एभरेस्ट प्रिमियर लिग भए। नेपाली क्रिकेटको सर्वोच्च निकाय क्यान कमजोर व्यवस्थापनमा चलेका बेला र निलम्बन भएको समयमा यी लिगको जन्म भएको थियो। दुई वर्षअघि एक भारतीय कम्पनीलाई साझेदार बनाउँदै नेपाल टी-ट्वान्टी पनि आयो, जसको उद्देश्य क्रिकेटलाई भ्रष्ट बनाएर आफू करोडपति बन्नु मात्र थियो। अब नेपाली क्रिकेटमा एनपीएल नै त्यस्तो प्रतियोगिता रहनेछ, जसलाई आधिकारिक प्रतियोगिता मान्न सकिन्छ। अब केही वर्षमा यसलाई एसोसिएटको उत्कृष्ट फ्रेन्चाइज लिग बनाउने प्रयासमा क्यानका सचिव पारस खड्का छन्। पछिल्ला वर्षहरूमा एसोसिएट राष्ट्रहरूमा क्यानडाले ग्लोबल ट्वान्टी-२०, अमेरिकाले मेजर लिग क्रिकेट र यूएईले इन्टरनेसनल लिग टी-२० आयोजना गर्दै आएका छन्। यी लिगहरूका आआफ्ना मोडल छन्। इमिरेट्स क्रिकेट बोर्डले इन्टरनेसनल लिग टी-२० आयोजना गर्छ। मेजर लिगमा फ्रेन्चाइज नै त्यस लिगका आयोजक हुन्छन्। ग्लोबल टी-२० लिगमार्फत क्रिकेट क्यानडाले आफ्ना अनुबन्धित खेलाडीको वार्षिक पारिश्रमिक दिने गरेको छ। क्यानले टेन्डरमार्फत एनपीएलको फ्रेन्चाइजी बेचेबापत १६ करोड रुपैयाँभन्दा बढी आम्दानी गरिसकेको छ। एसोसिएट राष्ट्रमा यति रकम कुनै पनि देशको ठूलो आम्दानीको स्रोतमा पर्छ। त्यसैले भोलिका दिन क्यान आर्थिक हिसाबमा एसोसिएट क्षेत्रकै सबैभन्दा बलियो बोर्डका रूपमा उभिने सम्भावना पनि बढ्दै गएको छ। आयोजकसँगै फ्रेन्चाइज पनि नाफामा जानुपर्ने पारस बताउँछन्। उनका अनुसार आम्दानीको स्रोतका रूपमा रहेको गेट मनी, ब्रोडकास्टिङ लगायत क्यानले ५० प्रतिशत राख्नेछ भने बाँकी ८ फ्रेन्चाइज टोलीको भागमा पर्नेछ। आम्दानी बाँडफाँट मोडलले फ्रेन्चाइज टोलीलाई एनपीएलमा जमिराख्न ठूलो मद्दत खेल्न सक्छ। एनपीएलले प्रसारण अधिकारको जिम्मा भारतीय कम्पनी स्टार स्पोर्ट्सलाई दिइएको छ, यसले एनपीएललाई विश्वव्यापी बनाउन सहयोग पुग्ने विश्वास क्यानको छ। साथै यसले नेपाली खेलाडीलाई विदेशका अन्य लिगमा एक्सपोज गराउन भूमिका खेल्न सक्छ। यस्तोमा टिकट काटेर खेल हेर्न जाने दर्शकको पनि ठूलो योगदान हुन्छ। के नेपाली दर्शक यसका लागि तयार छन् ? फ्रेन्चाइज क्रिकेटले खेलाडीलाई पनि धनी बनाउँछ, यसमा दर्शकले काट्ने टिकटको मूल्यले पनि अर्थ राख्छ। नेपालले खेलेको अन्तर्राष्ट्रिय प्रतियोगिता र फ्रेन्चाइज लिगमा दर्शक ठूलो संख्यामा उपस्थित हुँदै आएका छन्। यो नेपाली क्रिकेटको मात्र नभएर नेपाली खेलकुदकै ठूलो इभेन्ट हो। विकेन्द्रीकरणका हिसाबले पनि समर्थकलाई आआफ्नो क्षेत्रको टोलीलाई समर्थन गर्न खुल्ला रहेकाले दर्शकको संख्या उच्च रहने अपेक्षा क्यानको छ। यसमा ७ प्रदेशका आठ टोली छन्। वाग्मती प्रदेशबाट काठमान्डु गुर्खाज र चितवन राइनोज छन् भने अन्य प्रदेशबाट १-१ टोली छन्। दर्शकलाई तान्न धेरैले सेलिब्रिटी 'ब्रान्ड एम्बासडर' लाई अगाडि सारेका छन्। अभिनेत्री स्वस्तिमा खड्का कर्णालीको, राजेश हमाल लुम्बिनीको, दयाहाङ राई विराटनगर किंग्सको, सन्दीप क्षेत्री पोखरा एभेन्जर्सको 'ब्रान्ड एम्बासडर' हुन्। गायिका रचना रिमाललाई 'फेस अफ विराटनगर' बनाइएको छ। जनकपुर बोल्ट्स, काठमान्डु र सुदूरपश्चिमले अलिक फरक शैली अपनाएर खेल क्षेत्रकै व्यक्तिलाई आफ्नो दूतमा चुनेका छन्। काठमान्डुले नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी कप्तान इन्दु बर्मालाई क्रिकेट एम्बासडर बनाएको छ भने पूर्वमिस नेपाल शृंखला खतिवडा टिमसँगै जोडिएकी छन्। नेपाललाई भर्खर पहिलो पटक आईसीसी यू-१९ महिला विश्वकपमा छनोट गराएकी पूजा महतोलाई जनकपुरले 'फेस अफ द टिम' बनाएको छ। कीर्तिमानी दीपक विष्ट सुदूरपश्चिमको 'ब्रान्ड एम्बासडर' का रूपमा टोलीसँगै जोडिएका छन्। एनपीएलका लागि कीर्तिपुर मैदान झनै सिंगारिएको छ र सुविधाहरू थपिएका छन्। अनर बक्स, भीआईपी बक्स, दर्शकदीर्घाको स्थान व्यवस्थित बनाइएको छ। भविष्यमा अन्य तीन सहरमा पनि एनपीएल आयोजना गर्ने लक्ष्य रहेको पारस जनाउँछन्। एनपीएलका लागि सबै तयार भइसकेका छन्। फ्रेन्चाइज टोलीले धमाधम आफ्नो प्रवर्द्धन गरिरहेका छन्।

*-कान्तिपुर*



*– नेपालमा फ्रेन्चाइज क्रिकेट भएको यो नै पहिलो पटक होइन। व्यक्तिगत र निजी प्रयासमा धनगढी प्रिमियर लिग, पोखरा प्रिमियर लिग र एभरेस्ट प्रिमियर लिग भए। अब नेपाली क्रिकेटमा एनपीएल नै त्यस्तो प्रतियोगिता रहनेछ, जसलाई आधिकारिक प्रतियोगिता मान्न सकिन्छ।*

*– अब केही वर्षमा एनपीएललाई एसोसिएटको उत्कृष्ट फ्रेन्चाइज लिग बनाउने प्रयास हुनेछ। आयोजकसँगै फ्रेन्चाइज पनि नाफामा जानुपर्छ :– पारस खड्का, सचिव, नेपाल क्रिकेट संघ*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

# बुटवल गोरुसिङ्गे सडक विस्तार पूर्व तयारीको काम तीव्र

नमस्ते समाचारदाता

बुटवल, मंसिर/१४



बुटवल गोरुसिङ्गे सडक विस्तारका लागि निर्माण व्यवसायीले सडक क्षेत्रमा पूर्व तयारीको काम सुरु गरेपनि सडक खन्ने काम भने अझै दुई महिना ढिलोगरी हुने भएको छ। बुटवल गोरुसिङ्गे सडक आयोजना कार्यालय बुटवलले निर्माण व्यवसायीले सडक विस्तार गर्नुअघिको पूर्व तयारीको काम जस्तै सर्वे, माटो परिक्षण, रुख कटानको तयारी लगायतका काम गरिरहेको जनाएको छ। आयोजना प्रमुख कुशलता न्यौपानेले सडक विस्तारका लागि आवश्यक पर्ने पूर्व तयारीको काम भैरहेको बताउँदै सडक खन्ने काम भने माघबाट मात्रै सुरु हुने बताउनुभयो। उहाँले सडक विस्तारका क्रममा आवश्यक पर्ने निर्माण सामाग्रीहरु ठाउँ-ठाउँमा भण्डारण गर्ने, सडक क्षेत्राधिकारमा पर्ने संरचनाहरु हटाउने, कटान गर्ने रुखको अन्तिम गणना गर्ने र पुल बनाउने र अण्डरपास हुने स्थानको पुनः माटो परीक्षण गर्ने लगायतका काम भइरहेको जानकारी दिनुभयो। सडक नापजाँच, सर्भे गर्ने, विद्युत पोल सार्ने र सडक किनारका संरचना खाली गराउने काम भैरहेको र सबै प्रकृया पुरा भैसकेको अवस्थामा मात्रै सडक खन्ने काम हुने आयोजनाको भनाइ छ। सडक विस्तारकै लागि सडक किनारमा रहेका करिब सात हजार बढी रुख काट्न सडक विभागले स्वीकृति दिईसकेको छ। राजा महेन्द्रको पालामा बि.सं. २०१९ सालमा बनेको बुटवल गोरुसिंगे ५० किलोमिटर सडक खण्ड ६२ बर्षपछि विस्तारको काम हुन लागेको हो। बुटवल नारायणगढ सडकमा जस्तो जनतालाई सास्ती नहोस भन्ने उद्देश्यले बुटवल गोरुसिङ्गे खण्ड विस्तार गर्दा अहिलेको पिच नभत्काईकन गर्ने पूर्व तयारी छ। आयोजना प्रमुख न्यौपानेले सडक विस्तार क्षेत्रभित्रका पालिकाहरुले जनतालाई सास्ती नहोस् भन्ने उद्देश्यले पहिले दुवै छेउको सडक बनाएपछिमात्र बिचको पिच भत्काउन सुझाव आएकोले सोही अनुसार गर्ने बताउनुभयो। बुटवल गोरुसिंगे ५० किलोमिटर सडक विस्तारको क्रममा सात हजार रुख कटानका लागि अहिले रुख मार्किङ गर्ने काम सम्पन्न भैसकेको छ। सडक संरचनाभित्र परेका घर धनीले भने आफै घर भत्काएर क्षतिपूर्ति समेत लिईसकेका छन्। चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले उक्त सडक विस्तारका लागि १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार रुपियाँमा गत असार १३ गते ठेक्का लिएको हो। आयोजनाका अनुसार ५० किलोमिटर सडक दुई चरणमा २५-२५ किलोमिटर गरि विस्तार गर्न लागिएको हो। यो सडकमा गाडी गुडाउन मिल्ने ६ वटा अण्डरपास, पैदल यात्रुका लागि १२ वटा अण्डर पास र ११ वटा ओभरहेड ब्रिज, वन्यजन्तु वारपार गर्ने ठाउँमा १९ वटा अण्डर पास बनाइने आयोजनाको भनाइ छ। पहिलो चरणका लागि ७ अर्ब ८९ करोड ४३ लाख र दोस्रो चरणका लागि ५ अर्ब ६६ करोड २२ लाखमा ठेक्का लागेको हो। पहिलो चरणमा सडक विस्तारसँगै ३० वटा पुल निर्माण हुनेछ भने १४९ वटा कल्भर्ट पनि निर्माण हुनेछ। आयोजनाका अनुसार सडक विस्तारको काम सहरी क्षेत्रमा ५० मिटर, सहरोन्मुख क्षेत्रमा ३७ दशमलव ४ मिटर र जंगल क्षेत्रमा २४ मिटर चौडाई कायम हुनेछ। यस्तै, ठेक्का सम्झौता भएको मितिले तीन वर्षभित्र निर्माण सक्ने सम्झौता छ।

# रोजगारी नहुँदा रित्तिँदै गाउँबस्ती

नमस्ते समाचारदाता

मुगु, मंसिर/१४



मुगुका चार वटै पालिकाका अधिकांश गाउँबस्ती खाली हुँदै गएका छन्। जिल्लामा रोजगारीका अवसर नभएपछि यहाँका युवायुवती रोजगारीका लागि धमाधम भारत जान थालेपछि गाउँबस्ती खाली हुँदै गएका हुन्। छायानाथ रारा नगरपालिका-७ का स्थानीय लालबहादुर नेपालीका अनुसार दसैँतिहारलगायतका चाडपर्व सकिएपछि यहाँका युवा रोजगारीका लागि धमाधम छिमेकी देश भारत जान थालेका छन्। जसका कारणले अहिले यहाँका गाउँबस्ती खाली हुँदै गएका छन्। उहाँले भन्नुभयो, "जिल्लामा केही रोजगारी मिल्दैन। घरपरिवारको खर्चको जोहो गर्नलाई छिमेकी जिल्ला भारत जानु परेको छ।" यहाँका नागरिक अभियन्ता रूपबहादुर मल्लले जिल्लाका स्थानीय निकायले बेरोजगारसम्बन्धी आर्थिक नीतिको व्यवस्थापन गरे पनि उक्त नीतिले नछोएको उहाँले बताउनुभयो। जिल्लाका युवायुवतीलाई छिमेकी जिल्ला भारत जानबाट रोक्नलाई विकासका नाममा प्रयोग हुने डोजरलगायतका मेसिन उपकरण प्रयोग बन्द गर्नुपर्ने उहाँको भनाइ छ। अधिकांश युवा प्रत्येक वर्ष कामको खोजीमा भारत जाने गर्छन्। बेरोजगार युवालाई गाउँमै राख्ने गरी यहाँका स्थानीय निकायले रोजगार दिने योजना अहिलेसम्म नल्याएको सोरु गाउँपालिका-५ का स्थानीय जनकबहादुर रोकायाले बताउनुभयो। जिल्लाको छायानाथ रारा नगरपालिका, सोरु गाउँपालिका, खत्याड र मुगुमकार्मारोङ गाउँपालिका गरी चार वटा स्थानीय तहका ग्रामीण बस्तीबाट सयौँ युवा भारत जाने गरेका छन्। भौतिक पूर्वाधार विकास कार्यालय मुगुका कार्यालय प्रमुख केशव बस्नेतका अनुसार चालु आवमा जिल्लामा १२ वटा सडकका योजना रहेका छन्। उहाँले भन्नुभयो, "श्रमिकबाट योजनाको लागत धेरै आउने भएकाले कम लागतबाट बढी काम गर्न डोजरलगायतका मेसिनको प्रयोग हुँदै आएको छ।"

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सोरु गाउँपालिका
मुगु

# सबै पालिकामा सडक जोड्ने लक्ष्य

नमस्ते समाचारदाता

सुर्खेत, मंसिर/१४

कर्णाली प्रदेश सरकारले सबै पालिकालाई सडक सञ्जालमा जोड्ने लक्ष्य राखेको छ। अहिलेसम्म प्रदेशका ७९ वटा पालिकामध्ये ७५ वटा पालिका मात्र सडक सञ्जालमा जोडिएका छन्। चार वटा पालिका अझै सडक सञ्जालसँग जोडिएका छैनन्। सरकारले सबै पालिकालाई सडक सञ्जालमा जोड्न लागेको छ। चालु आर्थिक वर्षमा प्रदेशभरका सबै पालिकामा सडक पुऱ्याउने लक्ष्य अघि सारिएको छ। चालु आवको नीति तथा कार्यक्रम र बजेटमा समेटर सडक विस्तारको कामलाई प्राथमिकतामा राखिएको हो। कर्णाली प्रदेशभित्रका हालसम्म पनि सडक सञ्जालमा जोडिन बाँकी पालिकालाई सडक सञ्जालमा जोड्ने लक्ष्य सरकारले राखेको छ। आवश्यक बजेटको व्यवस्था गरेर पालिका केन्द्रसँग जोड्ने सडकलाई प्राथमिकतामा राखिएको प्रदेश सरकारले जनाएको छ। प्रदेश सरकारको २० प्रतिशत र विश्व बैंकको ८० प्रतिशत सहयोगमा सडक सञ्जाल विस्तार गर्न लागिएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ। चालु आवमा ठेक्का सम्झौता गरेर काम सुरु गरिने मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताउनुभयो। उहाँका अनुसार चार वटा पालिकामा सडक विस्तार हुन सकेको छैन। यो वर्ष सरकारले पालिका केन्द्रसम्म सडक विस्तार गर्न लागेको हो। कालीकोटको महावै गाउँपालिका, डोल्पाको छार्कातांङ्सोङ् गाउँपालिका, डोल्पोबुद्ध गाउँपालिका र मुगुको कार्मारोङ गाउँपालिका सडक सञ्जालमा जोडिएका छैनन्। सरकारले चालु आवको नीति तथा कार्यक्रममै समेटेर सडक विस्तारको काम अघि बढाएको प्रदेश सरकारले जनाएको छ। बजेट अभाव, भौगोलिक विकटताका कारण चार पालिका सडकको पहुँचमा पुग्न नसकेका हुन्। सडक निर्माणको काम प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजनाले गर्ने छ। दुई वटा पालिकामा यो वर्ष नै ठेक्का सम्झौता गरेर काम सुरु गरिने आयोजना प्रमुख हरिबहादुर ओलीले बताउनुभयो। उहाँका अनुसार कालीकोटको महाबै गाउँपालिका, डोल्पाको छार्कातांङ्सेङ गाउँपालिकामा सडक विस्तार गर्न लागिएको हो। कालीकोटको महाबै गाउँपालिकाले यसअघि नै परियोजना विस्तृत प्रतिवेदन निर्माण गरिसकेको छ। उक्त प्रतिवेदनमा आयोजनाले अध्ययन गरिरहेको प्रमुख ओलीले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश सरकारको २० प्रतिशत र विश्व बैङ्कको ८० प्रतिशत लगानीमा सडक निर्माण गर्न लागिएको हो। उक्त पालिका केन्द्रसम्म पुग्ने सात किलोमिटर सडक निर्माण हुने छ। प्रदेश सरकारको एक करोड र विश्व बैङ्कको पाँच करोड बजेटमा सडक निर्माण गर्न लागिएको उहाँको भनाइ छ। यसै गरी पूर्वाधार विकास कार्यालय डोल्पाले समेत परियोजना विस्तृत प्रतिवेदन निर्माण गरेको छ। डोल्पाको छार्काताङ्सेङ गाउँपालिका केन्द्रसम्म जोड्ने सडक परियोजना विस्तृत प्रतिवेदन निर्माण गरेको हो। प्रदेश सरकार र विश्व बैङ्को संयुक्त लगानीमा पालिकासम्म जोड्ने सडक निर्माण गर्न लागिएको आयोजना प्रमुख ओलीले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाको केन्द्रसम्म जोड्ने करिब २२ किलोमिटर सडक निर्माण गर्न लागिएको हो। प्रदेश सरकारको एक करोड र विश्व बैङ्कको पाँच करोड रुपियाँमा सडक निर्माण गर्न लागिएको हो। यसैबिच कर्णाली प्रदेश सरकारले प्रादेशिक सडकको गुरुयोजना निर्माण गर्न लागेको छ। चालु आवको नीति तथा कार्यक्रम र बजेटमा समेटेर सडक गुरुयोजना निर्माणको काम अघि बढाउने भएको हो। विकासको मेरुदण्डका रूपमा रहेको पूर्वाधारलाई सन्तुलित, व्यवस्थित, प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित बनाउन पहिचान भएका प्रदेश लोकमार्ग तथा मार्गहरूको प्राथमिकीकरणसहित प्रादेशिक सडक गुरुयोजना निर्माण गर्न लागिएको हो। चालु आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा समेटेर योजना कार्यान्वयन गर्न लागिएको सरकारले जनाएको छ। गुरुयोजना तयार गर्नका लागि चालु वर्षमा २५ लाख रुपियाँ बजेट विनियोजन गरिएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ। यो वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर योजना ल्याइएको मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताउनुभयो। प्रादेशिक सडकको गुरुयोजना बनाएपछि सडक पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि प्रदेशको प्राथमिकता तय हुने सुवेदीले बताउनुभयो। प्रादेशिक सडकलाई व्यवस्थित गर्नका लागि गुरुयोजना बनाउन लागिएको उहाँको भनाइ छ। सडक निर्माण, मर्मत, सुधार, स्तरोन्नति तथा यातायात पहुँचको अवस्था र पुनर्निर्माण गर्नुपर्ने सडकको माग सङ्कलन, सडक यातायातसँग सम्बन्धित आवश्यक सेवा तथा सुविधाका लागि गुरुयोजनाले सहयोग पुग्नेछ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२
शनिबार १५ मंसिर, २०८१
Saturday 30 November, 2024


# बैकुण्ठधाम महोत्सवबाट आम्दानी–खर्च सार्वजनिक

नमस्ते समचारदाता
बाँके, मंसिर/१४




बाँकेको डुडुवा गाउँपालिका -५ मा पर्ने राप्ती नदीस्थित सिधनियाघाटमा व्यस्थित रुपमा बहुआयामिक बैकुण्ठधाम निर्माण सहयोगार्थ सञ्चालन गरिएको ''बैकुण्ठधाम आध्यात्मिक महोत्सवको" आम्दानी खर्च विवरण सार्वजनिक गरिएको छ । शुक्रबार नेपालगन्जमा आयोजना गरिएको पत्रकार भेटघाट कार्यक्रममार्फत महोत्सवको आम्दानी तथा खर्च विवरण सार्वजनिक गरिएको हो । बैकुण्ठधाम आध्यात्मिक महोत्सव मूल समारोह समितिका कोषाध्यक्ष कृष्णप्रसाद श्रेष्ठले महोत्सवमा भएको आम्दानी तथा खर्च विवरण सार्वजनिक गरेका हुन । कोषाध्यक्ष श्रेष्ठका अनुसार गत कात्तिक २२ गतेदेखि ३० गतेसम्म नेपालगन्जमा सञ्चालन गरिएको बैकुण्ठधाम आध्यात्मिक महोत्सवबाट कुल २ करोड २८ लाख ७ हजार ६ सय २७ रुपियाँ आम्दानी भएको छ । महोत्सवमा कुल ३ करोड ३ लाख १५ हजार चार रुपियाँ आम्दानी र ७५ लाख सात हजार ३ सय ७७ रुपियाँ खर्च भएको श्रेष्ठले बताए । प्राप्त आम्दानीबाट खर्च कटाएर कुल २ करोड २८ लाख ७ हजार ६ सय २७ रुपियाँ बचत भएको श्रेष्ठको भनाई छ। श्रेष्ठका अनुसार दाताहरुबाट १ करोड २७ लाख ७३ हजार १ सय १४ रुपियाँ नगद प्राप्त, क्यूआरमार्फत २६ लाख ६३ हजार १ सय ६९ रुपियाँ, चेकमार्फत ८८ लाख ३४ हजार ६ सय ७४ रुपियाँ र घोषणामार्फत ६० लाख ४४ हजार ४७ रुपियाँ गरी ३ करोड ३ लाख १५ हजार चार रुपियाँ आम्दानी वापत जम्मा भएको हो । विभिन्न शीर्षकमा ७५ लाख सात हजार ३ सय ७७ रुपियाँ खर्च भएको श्रेष्ठले सार्वजनिक गरेको आयव्यय विवरणमा उल्लेख गरिएको छ । बैङ्कमा १ करोड ४५ लाख ९७ हजार ४ सय २८ नगद रुपियाँ जम्मा रहेको छ । घोषणा गरेको ६० लाख ४४ हजार ४७ रुपियाँ उठ्न बाँकी रहेको र २१ लाख ६६ हजार १ सय ५२ रुपियाँ बराबर का प्राप्त भएको चेक साट्न बाँकी रहेको श्रेष्ठले जानकारी दिए । त्यसैगरी जिन्सीतर्फ नेपालगन्ज उपमहानगरपालिका प्रमुख प्रशान्त विष्टले डुडुवा गाउँपालिका-५मा एक कट्ठा जग्गा र नेपालगन्ज उपमहानगरपालिका-१८ का वडाध्यक्ष दीपककुमार वर्माले नेपालगन्ज उपमहानगरपालिका-१९ मा २६ धुर जग्गा प्रदान गरेको कोषाध्यक्ष श्रेष्ठले जानकारी दिए। ब्रह्मनाल, धारा, प्रतीक्षालय, काठ गोदाम, पूजा सामग्री पसल, शौचालय, किरियापुत्री घर, मन्दिर, पार्क, उद्यानसहितको बैकुण्ठधाम निर्माणका लागि सहयोग जुटाउन बैकुण्ठधाम सिधनियाघाट व्यवस्थापन समितिले गत कार्तिक २२ देखि ३० गतेसम्म वाचन शिरोमणि पण्डित दीनबन्धु पोखरेलको प्रमुख वाचनसहित बैकुण्ठधाम आध्यात्मिक महोत्सवको आयोजना गरिएको थियो ।

# सम्झौताको अवधि सकिदा सम्म पुलको जग पनि बनेन



नमस्ते समचारदाता
बाँके, मंसिर/१४

बाँकेको जानकी गाउँपालिका-४ छत्रपुर र खजुरा गाउँपालिका-४ चल्तुवास्थित किरण नालामा चार वर्षअघि पक्की पुल निर्माणको काम सुरु भए पनि अहिलेसम्म फाउण्डेशन कै काम पूरा भएको छैन । लुम्बिनी प्रदेश सरकार अन्तर्गतको सडक पूर्वाधार कार्यालय नेपालगञ्ज मार्फत गाल्वा सिद्धार्थ दर्शन जेभीले २०७७ फागुन १९ गते ५ करोड ३२ लाख रुपियाँमा पुल निर्माण सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएको थियो । पुलको जग नै मापदण्ड अनुसार नभएको भन्दै विवाद भएपछि विवादकै बिच सम्झौता अवधि नै समाप्त भएको छ । सम्झौता अनुसार २०८० असार २५ गतेसम्म नयाँ पुल निर्माण भइसक्नुपर्ने थियो । खजुरा-४ चल्तुवाका बुद्धिकुमारी थापाले पुल निर्माण अलपत्र भएर आफूहरुले दुःख मात्र पाएको बताइन । थापाले भनिन, 'पुल निर्माण सुरु भएपछि उत्साहित भएका दुबै पालिकाका बासिन्दा चार वर्षसम्म फाउण्डेशनको खाल्डो हेरेर चित्त बुझाउनुपर्ने अवस्था छ ।' पुल निर्माणका लागि जमिनमुनि निर्माण गरिएको फाउण्डेशनको काम गुणस्तरीय नभएको सडक पूर्वाधार विकास कार्यालय नेपालगञ्जले जनाएको छ । पायल फाउण्डेशन गुणस्तरीय नभएपछि करिब तीन वर्षदेखि पुल निर्माण कार्य अघि बढ्न सकेको छैन। पुलका लागि निर्माण गरिएका ५० वटा पायलकै फाउण्डेशनमै समस्या देखिएको सडक पूर्वाधार कार्यालयले जनाएको छ । पुनः फाउण्डेशन बनाउने वा अन्य विकल्पमा जाने भन्ने एकिन हुन सकेको छैन । सडक पूर्वाधार कार्यालय नेपालगञ्जका प्रमुख दीपक खड्काले किरण नाला अन्तर्गत चल्तुवामा निर्माणाधीन पुल समस्याग्रस्त देखिएको स्वीकार गरे । उनले मन्त्रालयमा आवश्यक समन्वय गरी तत्काल काम अघि बढाउन कार्यालयका तर्फबाट पहल गर्ने बताए ।

# सडक नाटकमार्फत सचेतना फैलाउँदै प्रहरी

नमस्ते समचारदाता
सल्यान, मंसिर/१४



यहाँ प्रहरीले जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । समाजमा हुने लागूऔषध दुर्व्यसनी, हिंसा, अपराध, बालबिवाह तथा अन्धविश्वास न्यूनीकरण गर्न जनचेतनामूलक सडक नाटक सञ्चालन गरेको हो । नाटकका माध्यामबाट लागूपदार्थ दुर्व्यसनीले परिवारमा ल्याउने विनाश, लैङ्गिक हिंसाबाट पीडितको जीवनमा पर्ने प्रभाव र सामाजिक कुरीतिले समाजलाई पछाडि धकेल्ने यथार्थलाई उजागर गरिएको छ । स्थानीय सरकारसँगको सहकार्यमा समुदायस्तरमै पुगेर जनचेतना, सकारात्मक सोच र व्यवहार निर्माणका लागि सडक नाटक प्रदर्शन गरिएको हो । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेकै बेला हिंसा, दुर्व्यसनी न्यूनीकरण गर्न जनचेतामूलक नाटक प्रदर्शन गरिएको प्रहरीको भनाइ छ । यहाँ रहेका १० स्थानीय तहका केन्द्र, व्यापारिक केन्द्र, विद्यालयमा हुँदै समुदायस्तरमै नाटक प्रदर्शन गरिने छ। जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख प्रहरी नायब उपीरक्षक केशरकुमार न्यौपानले शान्ति सुरक्षा कायम गर्न र अराधिक क्रियाकलाप रोक्न सडक नाटक प्रदर्शनी थालिएको बताउनुभयो । उहाँका अनुसार प्रहरीमा आइपुगेका विभिन्न घटनाको विश्लेषण गर्दा बालबालिकालाई सचेत बनाउन सकिए धेरै अपराध न्यूनीकरण हुने देखियो । प्रहरी प्रमुख न्यौपानलेले भन्नुभयो, ''खुला स्थानमा सडक नाटक देखाउँदा के भइरहेको छ भनेर धेरै सर्वसाधारण जमघट हुन्छन्, नाटक हेर्छन् र मनोरञ्जन मात्र नभई धेरै कुरा सिक्ने अवसर पाउँछन् ।'' सल्यानमा गत वर्ष अपराध तथा हिंसासम्बन्धी ८६ घटना भएका र चालु आर्थिक वर्षको चार महिनामा १६ मुद्दा प्रहरी कार्यालयमा दर्ता भएका छन् । पछिल्लो समय घरेलु हिंसा, महिला तथा बालबालिकामाथि हुने अपराधका घटनामा वृद्धि भएको तथ्याङ्क सार्वजनिक भइरहेको अवस्थामा न्यूनीकरण लागि नाटक प्रदर्शनीले सकारात्मक सन्देश दिएको छ। स्थानीयहरूले नाटकले लागूपदार्थ दुर्व्यवहार, लैङ्गिक हिंसा, र बाल विवाहजस्ता सामाजिक कुरीतिहरू विरुद्ध समाजमा सकारात्मक सन्देश प्रवाह गरेको जनाएका छन् । कार्यक्रमले सबैलाई सोच्न र समाज सुधारमा लाग्न शिक्षा प्रदान गरेकोछ । शारदा नगरपालिका ३ मा रहेको एम.एम एकेडेमी का छात्रा सरिस्मा पौडेलले नाटकले धेरै महत्त्वपूर्ण सन्देश दिएको र यसले आफूलाई व्यावहारिक रूपमा ज्ञान प्रदान गरेको बताउनुभयो । शारदा नगरपालिका २ का मनोज सिंहले सडक नाटकले विद्यार्थीलाई पाठ्यपुस्तक बाहिरका व्यावहारिक शिक्षा सिक्न सहयोग गर्ने भएकाले विद्यालय स्तरमै यस्ता सचेतनामूलक गतिविधि गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो। कलाकार अभिलाषा सिंहले नाटकले समाजका समस्याहरू नजिकबाट देख्ने र बुझ्ने अवसर दिएको बताउनुभयो ।

# असईले आफैंलाई हाने गोली, छानबिन समिति गठन



नमस्ते समचारदाता
अछाम, मंसिर/१४

अछाममा कार्यरत नेपाल प्रहरीका एक प्रहरी सहायक निरीक्षक (असई) ले आफैंमाथि गोली प्रहार गरेका छन् । तुर्माखाद गाउँपालिका-६ भैरवस्थान प्रहरी चौकीका इन्चार्ज असई किसनबहादुर चन्दले आफैंलाई बिहीबार राति गोली प्रहार गरेका हुन् । चन्दले आफैंले बोकेको पेस्तोलले बिहीबार राती करिब ९:३० बजे बाँया छातीको माथिल्लो भागमा प्रहार गरेको अछाम प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक इश्वरी प्रसाद भण्डारीले जानकारी दिनुभयो । घाइते भएका चन्दलाई घटना लगत्तै सुर्खेत हुँदै कोहलपुर मेडिकल कलेजमा उपचार लागि लगिएको थियो । आइसियुमा राखेर उपचार भइरहेको चन्द उपचाररत चन्द बोल्न सक्ने अवस्थामा छन् । गोली प्रहार घटनाको बारेमा सात दिन भित्र प्रतिवेदन बुझाउने गरेर कमलबजार इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक हर्ष बहादुर चन्दको नेतृत्वमा एक छानबिन समिति गरेर अनुसन्धान थालिएको प्रमुख भण्डारीले जानकारी दिनुभयो ।

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७९ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।
सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके